जि.प्र.का.का.द.नं. ६/०४८/०४९
स.क.प.आ.नं. ११४४९, पान नं. ३००९३१९७६

# अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

२०८१ फागुन ९ गते

## प्रेस विज्ञप्ति

पाथीभरा मुकुम्लुङ क्षेत्रमा भएको झडपमा उद्दारका लागि गएका इन्सेक प्रतिनिधिसहित रेडक्रसका प्रतिनिधिलाई फागुन ८ गते नो केवलकार समूहका कार्यकर्ताले आक्रमण गरेको घटनाको हामी निन्दा गर्दछौं । फुङलिङ नगरपालिका-९ र १० स्थित काफ्लेपाटी क्षेत्रमा नो केवलकार समूहका कार्यकर्ता र प्रहरीबीच भएको झडपका क्रममा घाइते भएका सुरक्षाकर्मी र प्रदर्शनकारीको उद्धारका लागि इन्सेक प्रतिनिधि एलिना दियाली, नेपाल रेडक्रस सोसाइटी ताप्लेजुङका जिल्ला सभापति इन्द्र गुरुङ र उद्योग वाणिज्य संघ ताप्लेजुङका महासचिव तथा रेडक्रसका आजीवन सदस्य कमल लिम्बु घटनास्थलतर्फ जाँदै हुनुहुन्थ्यो । सो क्रममा उहाँहरु सवार मे १ ज २५७९ को गाडी तोडफोड गरिएको छ भने सवारी चालक फुङलिङ नगरपालिका-९ का ३५ वर्षीय राजकुमार पौडेल गम्भीर घाइते हुनु भएको छ । टाउकामा गहिरो चोट लागेका पौडेलको जिल्ला अस्पतालमा उपचार सम्भव नभएपछि झापाको विर्तामोडस्थित बि एण्ड सी अस्पातलमा भर्ना गरिएको छ ।

जस्तोसुकै कठिन परिस्थितिमा पनि नेपालका मानव अधिकार रक्षकहरूले निर्बाध काम गर्ने गरेको इतिहास छ । नेपालको संविधान तथा कानुनले व्यक्तिको निर्बाध आवागमनको अधिकार सुनिश्चित गरेको छ । त्यसमाथि मानव अधिकार रक्षकलाई बिना रोकतोक घटनाको अनुगमन गर्ने अधिकार पनि रहेको हुन्छ । आन्दोलनरत पक्ष र प्रशासनलाई समेत जानकारी गराएर उद्दारका लागि गएको अधिकारकर्मी सवार गाडीमा जानाजान तोडफोड भएकाले आन्दोलनको नेतृत्व गर्नेहरु जबाफदेही हुन जरुरी छ । यस्ता घटनाको पुनरावृत्ति नगर्न, मानव अधिकार रक्षकको अधिकार निर्बाध आवागमनको सुनिश्चितता गर्न तथा घटनामा संलग्न आफ्ना समर्थकलाई कारबाहीको दायरामा ल्याउन नो केवलकार समूहको नेतृत्वसँग माग गर्दछौं ।

**विजयराज गौतम**
कार्यकारी निर्देशक

दण्डहीनताको विरोध गरौं, मानव गरिमाको रक्षा गरौं !

मानव अधिकार र सामाजिक न्यायका निम्ति
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
नागार्जुन न.पा.-१०, (नीलो घर), स्यूचाटार, काठमाडौं
पोष्ट बक्स नं. २७२६, काठमाडौं, नेपाल, फोनः ५२१८७७०, फ्याक्सः ५२१८२५१
Email: insec@insec.org.np, Website: www.insec.org.np/www.inseconline.org